मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २४२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ साउन ३ गते बिहीबार (Thursday, 18 July 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## साउन ६ मा विश्वासको मत



**काठमाडौँ, साउन २।** प्रधानमन्त्री केपी शर्मा ओलीले यही साउन ६ गते आइतबार प्रतिनिधि सभाबाट विश्वासको मत लिने भएका छन् । प्रधानमन्त्री ओलीले सङ्घीय संसद्, प्रतिनिधिसभाबाट उक्त दिन विश्वासको मत लिने  नेपाल कम्युनिष्ट

*(बाँकी अन्तिम पृष्ठमा)*

## ट्रायल फेल भएकालाई पनि लाइसन्स !



**बिर्तामोड साउन २ ।** देशभरका यातायात कार्यालयबाट कर्मचारी र ट्राफिक प्रहरीको मिलेमतोमा ट्रायलमा फेल भएका परीक्षार्थीलाई समेत पास भएको देखाएर लाइसेन्स बाँड्ने गरिएको खुलासा भएको छ ।

कर्मचारीहरुले सिस्टममै प्रवेश गरेर डेटा फेरबदल गरिदिएको एक लाख दुई हजार लाइसेन्सको सीआईबी र अख्तियारले अनुसन्धान गरिरहेकै बेला यातायात कार्यालयको अर्को अनियमितताको शृंखला बाहिरिएको हो । छिनभरमै फेललाई पास गराइदिने गिरोहको चलखेलका कारण ट्रायल फेल भएकाले समेत लाइसेन्स पाउने गरेका छन् ।

कर्मचारीहरुले सिस्टममै प्रवेश गरेर डेटा फेरबदल गरिदिएको एक लाख दुई हजार लाइसेन्सको सीआईबी र अख्तियारले अनुसन्धान गरिरहेकै बेला यातायात कार्यालयमा वर्षौंदेखि अर्को अनियमितता चल्दै आएको तथ्य बाहिरिएको हो । लिखित वा ट्रायलमै सेटिङ गरेर सोही दिन पास गराइदिनेदेखि फेल भएकाहरुलाई भोलिपल्टै या केही दिनको अन्तरालमा पास गराई दिनेसम्म गरेको पाइएको छ ।

**कसरी हुन्छन् त फेल भएका पनि पास ?**

कुनै सेवाग्राहीले सवारी चालक अनुमति पत्र अर्थात् लाइसेन्स प्राप्त गर्ने प्रक्रियाको पहिलो चरणस्वरुप लिखित परीक्षाको फाराम भर्छन् । वर्ग थप गर्नेले लिखित परीक्षा दिनु नपरे पनि प्रयोगात्मक परीक्षाको प्रक्रिया भने पूरा गर्नुपर्छ । प्रक्रिया शुरु गर्दा नै धेरैजसो बिचौलियाको सम्पर्कमा पुगिसकेका हुन्छन् । अनि शुरु हुन्छ, सेटिङको सिलसिला ।

बिचौलियाले कर्मचारी र ट्राफिक प्रहरीमार्फत काम फत्ते गर्छन्, परीक्षार्थी लिखित या ट्रायलमा फेल भए सोही दिन उत्तीर्ण भएको जनाउने सूचीमा नाम चढाइदिन्छन् र, पास भए सरह उनीहरुको प्रक्रिया कानूनी रुपमै अघि बढ्छ ।

अर्कोतिर फेल भएका परीक्षार्थी यातायात कार्यालयबाट बाहिरिँदै गर्दा बिचौलियाले सम्पर्क गर्छन् र रकमको मोलमोलाई मिलेपछि सिस्टममा

*(बाँकी अन्तिम पृष्ठमा)*

# धरान सहित ४९ स्थानीय तहमा 'बजेट होलिडे'




**झापा, साउन २।** धरान उपमहानगरपालिका सहित देशभरका ४९ स्थानीय तहमा 'बजेट होलिडे' भएको छ ।

जनप्रतिनिधिबीच आपसी द्वन्द्व तथा बजेट विनियोजनमा विवाद लगायतका कारण देखाउँदै ४९ स्थानीय तहले असार मसान्तभित्र बजेट ल्याउन नसक्दा बजेट होलिडे भएको हो । कोशी प्रदेशमा सुनसरीको धरान उपमहानगरपालिका, उदयपुरको कटारी नगरपालिका र तेह्रथुमको म्याङलुङ नगरपालिकाले बजेट पारित गर्न सकेका छैनन् । जनप्रतिनिधिबीचको विवादले धरानमा बजेट पारित नभएको बताइएको छ ।

सबैभन्दा धेरै मधेश प्रदेशका नगरपालिकाले बजेट ल्याउन सकेका छैनन् । सप्तरीमा मात्रै तीन नगरपालिकाको बजेट होलिडे भएको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) र (५) अनुसार स्थानीय तहको सभामा बजेट पेश हुनुपर्ने र सोही दफाको उपदफा (६) बमोजिम असार मसान्तभित्र सभाबाट पारित गरिसक्नुपर्ने व्यवस्था छ । त्यसरी बजेट पारित हुन नसकेका स्थानीय तहले साउन १ बाट एक रुपैयाँ पनि खर्च गर्न मिल्दैन । अर्थात्, बजेट होलिडे हुन्छ । तर, देशभरिका गाउँपालिका र नगरपालिका गरी ४९ स्थानीय सरकारले बजेट ल्याउन सकेका छैनन् ।

गाउँपालिका राष्ट्रिय महासंघका अनुसार आर्थिक वर्ष २०८१/०८२ शुरु भइसक्दा पनि ३६ गाउँपालिकाले बजेट ल्याउन नसकेको हो ।

४ सय ६० गाउँपालिकामध्ये १० असारसम्म ४ सय २९ ले १० असारमै बजेट पेस गरेका थिए भने असार मसान्तसम्म ४ सय २४ गाउँपालिकाले बजेट ल्याएका छन् । तर, ३६ गाउँपालिकाले असार मसान्त कट्दा पनि बजेट ल्याउन नसकेका हुन् । यो पटक पनि ९२ प्रतिशत गाउँपालिकाको बजेट समयमा नआएको हो ।

यता नेपाल नगरपालिका संघका एक उपमहानगरपालिका सहित १३ नगरपालिकाले असार मसान्तसम्म पनि बजेट पारित गर्न सकेका छैनन् । महानगर, उपमहानगर र नगरपालिका गरी २ सय ९३ नगरमध्ये २ सय ८० ले मात्रै बजेट ल्याउन सकेका हुन् । मधेश प्रदेशका धेरै पालिकाले बजेट ल्याउन नसक्दा बजेट होलिडे देखिएको हो । डाक्नेश्वरी, हनुमान नगर कंकालिनी र राजविराज नगरपालिकाको बजेट आउन नसकेको हो । यस्तै सर्लाही बागमती, रौतहट देवाही गोनाही र फतुवा विजयपुर नगरपालिकाको बजेट आएको छैन । त्यस्तै पर्सा बहुदरमाई नगरपालिकाको पनि बजेट आउन सकेको छैन । बागमती प्रदेशका ललितपुर गोदावरी र चितवन राप्ती नगरपालिकाको बजेट आएको छैन ।

गण्डकी प्रदेशमा सबैको बजेट आएको छ भने लुम्बिनी प्रदेशका दाङ लमही नगरपालिकाको बजेट नआएको हो । कर्णाली र सुदूरपश्चिम प्रदेशको भने सबै नगरपालिकाको बजेट आएको छ ।

गाउँपालिका तथा नगरपालिकाले समयमै बजेट ल्याउन नसक्ने विषय नौलो भने होइन । गत आव २०८०/०८१ मा असार मसान्तभित्र बजेट ल्याउनुपर्ने व्यवस्था अवज्ञा गर्दै १० नगरपालिका र २२ गाउँपालिकाले अझै सभामा बजेट पेश गरेका थिएनन् ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग अध्यक्ष बालानन्द पौडेलले स्थानीय सरकारहरू बजेटका सन्दर्भमा संवेदनशील नभएको बताउँछन् ।

अघिल्लो पटकभन्दा यसपाली पालिकाहरूले बजेट ल्याउने विषयमा सुधार हुनुपर्ने थियो तर झन् खराब देखिएको छ । यसले स्थानीय सरकार पहिलेभन्दा झन् बढी गैरजिम्मेवार जस्तो देखियो, परिपक्वता देखिएन- उनले भने ।

आयोगले कार्य सम्पादन मूल्यांकमा कडाइसाथ १० असारमा बजेट प्रस्तुत र असार मसान्तसम्ममा पारित गरिएको, नगरिएको हेर्ने भए पनि स्थानीय सरकारहरू झन् अटेरी भएको पौडेलको भनाइ छ । अघिल्लो पटक पास भएका स्थानीय सरकारमा समेत यो पटक बजेट पास नहुनुले परिपक्वता कमी आएको देखिने पौडेलले बताए । उनले अनुदान कटौतीमात्र नभई बजेट अनुशासन उल्लंघन

*(बाँकी अन्तिम पृष्ठमा)*

## छ वर्षीय बालकको हत्या

**बिर्तामोड,साउन २।** बराहक्षेत्र नगरपालिका वडा नम्बर -३ विस्थापित टोलमा ६ वर्षीय बालकको हत्या भएको छ । मङ्गलबार दिउँसो आफन्त पर्नेले टाउकोमा पिर्काले हिर्काएर गम्भीर चोट लागेको बालकको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

बालकलाई टाउकोमा हिर्काएर फरार रहेका एक जनालाई इलाका प्रहरी कार्यालय महेन्द्रनगरले घटनास्थल नजिकै रहेको बाङ्गेबजारबाट पक्राउ गरेको छ । आफन्त पर्ने ४५ वर्षीय वीरबहादुर विश्वकर्मालाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

## तीन अर्ब बढी राजश्व संकलन

**झापा, साउन २।** आन्तरिक राजस्व कार्यालय भद्रपुरले आर्थिक वर्ष २०८०/०८१ मा रु. तीन अर्ब २१ करोड १२ लाख ६७ हजार राजश्व सङ्कलन गरेको छ । कार्यालयले गत असारमा मात्र रु. ३० करोड ७१ लाख नौ हजार राजश्व सङ्कलन गरेको हो ।

कार्यालयले आव २०७९/०८० को तुलनामा रु. १९ करोड ५२ लाख ९१ हजार बढी राजश्व सङ्कलन गरेको छ । गत आवमा रु. तीन अर्ब एक करोड ५९ लाख ७६ हजार राजश्व सङ्कलन भएको आन्तरिक राजश्व कार्यालय भद्रपुरका सूचना अधिकारी भीमप्रसाद आचार्यले जानकारी दिए । गत आवमा कार्यालयको रु. तीन अर्ब ७९ करोड ७१ लाख राजश्व उठाउने लक्ष्य थियो । तर ८४ दशमलव ५७ प्रतिशतमात्र राजश्व सङ्कलन गर्न सकिएको छ ।

देशभर व्यापार-व्यवसायमा गिरावट आउँदा राजश्व सङ्कलनमा कमी आएको हा-उनले भने । आन्तरिक राजश्व कार्यालयले आयकरबाट रु. एक अर्ब ६९ करोड ९४ लाख, भाडा आयकरबाट रु. तीन करोड ६४ लाख, ब्याजबापत रु. ११ करोड ५९ लाख, मूल्य अभिवृद्धि करबापत रु. एक अर्ब २९ करोड पाँच

*(बाँकी अन्तिम पृष्ठमा)*

## बलात्कार आरोपमा एक जना पक्राउ

**काठमाडौं, साउन २।** पाल्पामा ५० वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा मिस्दी गाउँपालिका- ७ ज्यामिरेका ३५ वर्षीय सन्तबहादुर विक छन् । उनलाई मंगलबार दिउँसो पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

सन्तबहादुरले ती महिलालाई गत असार ३१ गते बिहान उनकै घरमा करणी गरेको भन्ने उजुरी प्रहरीमा परेको थियो । सोही उजुरीका आधारमा प्रहरी चौकी रूक्सेभन्ज्याङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## झापा सवारी दुर्घटना : एक वर्षमा ८७ जनाको मृत्यु

**भद्रपुर,साउन २ ।** एक वर्षको अवधिमा सवारी दुर्घटनामा परी झापामा ८७ जनाको मृत्यु भएको छ । गत आर्थिक वर्षको साउनदेखि गत असारसम्म पाँच सय ९३ सवारी दुर्घटना परी उक्त सङ्ख्यामा मानवीय क्षति भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

सवारी दुर्घटनामा मुत्यु हुनेमा ७० पुरुष, १० महिला र सात बालबालिका रहेका जिल्ला ट्राफिक कार्यालयका प्रहरी नायब निरीक्षक पूर्णप्रसाद गौतमले जानकारी दिए । सडक दुर्घटनामा परी एक सय ६४ गम्भीर र आठ सय तीन जना सामान्य घाइते भएका छन् । सबैभन्दा धेरै पाँच सय ५१ वटा मोटरसाइकल दुर्घटनामा परेका छन् ।

प्रहरी नायब निरीक्षक गौतमका अनुसार ३७ ट्रक, ३५ बस, ८८ जीप/कार, ३१ ट्याक्टर र ६० टेम्पो दुर्घटनामा परेका छन् । आव २०७९/०८० को भन्दा गत आवमा २६ दशमलव २७ प्रतिशतले सडक दुर्घटनामा कमी आएको जिल्लास्थित




ट्राफिक कार्यालयले जनाएको छ ।

आव २०७९/०८० मा आठ सय चार सडक दुर्घटनामा परी एक सय १४ जनाले ज्यान गुमाएका थिए । ट्राफिक सम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रम र ट्राफिक प्रहरीको सक्रियताले सडक दुर्घटना कम भएको प्रहरी नायब निरीक्षक गौतमले बताए ।

**सवारी कारबाही**

जिल्लामा गत आव २०८०/०८१ मा ५७ हजार चार सय ५६ सवारीसाधन कारबाहीमा परेका छन् । जिल्ला ट्राफिक कार्यालयका प्रहरी नायब निरीक्षक गौतमका अनुसार गत वर्ष सवारीसाधन कारबाहीबाट रु. तीन करोड ८६ लाख ८२ हजार छ सय ४१ राजश्व सङ्कलन भएको थियो ।

संघीय सरकारले निर्धारण गरे अनुसार पहिलोपटक कारबाहीमा पर्नेलाई रु. पाँच

*(बाँकी अन्तिम पृष्ठमा)*

## बाँदरबारे चर्किंदो बहस, भेटिएन समाधान

**बिर्तामोड, साउन २।** नेपालका रीसस मकाक अर्थात् रातो बाँदरले मकै र अन्य बाली मन पराउँछन् । तर बाँदरले बाली खाइदिँदा गरीब किसान आम्दानी गुमाइरहेका छन् ।

अन्नबाली भित्र्याउन नपाउँदा चिन्तित किसानको दबाबमा सरकारी अधिकारीहरू बाँदर मार्ने हो कि भन्ने विचार गरिरहेका छन् । नेपालमा बाँदरले गर्दा स्थानीय बासिन्दा र सरकारी अधिकारीको निद्रा हराइरहेको छ । गाउँका भान्सामा बाँदरले उपद्रो मच्चाएका समाचार पत्रपत्रिकामा छापिएका छन्, खेतबारीमा बाँदरले आतंक निम्त्याएका समाचार पनि बग्रेल्ती आउँछन् ।

किसान भने पाकेको मकै बाँदरले खाइदिँदा हैरान छन् । बाँदरले मकै मन पराउँछन्। पहाडी क्षेत्रको मुख्य बालीमध्ये मकै पनि एक हो । मकैले किसानलाई लगानीमा राम्रो प्रतिफल दिन्छ । किसानलाई क्षतिपूर्ति दिने, बाँदर मार्ने वा बाँदरको वासस्थान सीमित गर्न रूख काट्ने लगायत धेरै समाधानबारे अहिले बहस चर्किएको छ । गुल्मीका सांसद चन्द्र भण्डारीले जेठ २० मा प्रतिनिधि सभामा यो मुद्दा उठाउँदै भनेका थिए- किसानले संसद्मा बाँदर उपहार पठाउने योजना बनाइरहेका छन् ।



नेपालमा तीन प्रजातिका बाँदर पाइन्छन- रीसस मकाक अर्थात् रातो बाँदर, असमिया मकाक अर्थात् पहरे बाँदर र हनुमान लंगूर । तर मानव-जनावर द्वन्द्वसँग जोडिएका बाँदर धेरै हदसम्म रातो बाँदर हुन् । मानिससँग सजिलै घुलमिल हुने प्रजातिका रूपमा चिनिन्छ यो ।

बहस यसरी भइरहेको छ कि सबै बाँदर राक्षस हुन् । यसको भित्री पाटो हराएको छ,- बाँदरबारे अनुसन्धान गर्ने सबिना कोइराला भन्छिन् । कोइरालाले रातो बाँदरको बाली खाने व्यवहारबारे अनुसन्धान गरेकी छन् । उनको एउटा अनुसन्धानपत्रमा मध्य नेपालको काभ्रे जिल्लाको पनौती नगरपालिकाका किसानले बाँदरको आक्रमणका कारण वार्षिक १५ अमेरिकी डलर (उनीहरूको औसत वार्षिक बाली आयको लगभग पाँच प्रतिशत) नोक्सानी बेहोर्नुपरिरहेको उल्लेख छ । धान खेती नगर्ने तर मकै मात्र खेती गर्नेलाई कूल आम्दानीको १० प्रतिशत क्षति भएको छ- कोइराला भन्छिन् ।

सन् २०२३ मा नेपालको वार्षिक प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन (औसत आयको अनुमानित मापन) एक हजार ३०० अमेरिकी डलरभन्दा केही बढी थियो । त्यसैले गरीब समुदायका लागि बाँदरले गर्ने क्षति सहन कठिन छ । अहिले नेपालमा बाँदरको संख्याको यकीन तथ्यांक छैन ।

त्यसकारण वास्तविक समस्या कत्तिको व्यापक छ भनेर अनुमान गर्न गाह्रो

*(बाँकी अन्तिम पृष्ठमा)*

## विद्यार्थीलाई सुरक्षित रहन आग्रह

**झापा, साउन २।** बंगलादेशमा सरकारी सेवामा कोटाको विरोधमा भएको प्रदर्शन उग्र भएपछि त्यहाँस्थित नेपाली दूतावासले नेपाली विद्यार्थीलाई सुरक्षित रहन आग्रह गरेको छ ।

दूतावासले मंगलवार विज्ञप्ति प्रशाशित गर्दै अत्यावश्यक काम बाहेक होस्टेल वा आफू बसेको

*(बाँकी अन्तिम पृष्ठमा)*

## डिएसपी बनेर अनुगमन गर्दा ...

**झापा, साउन २।** बाँके प्रहरीले एक जना नक्कली डिएसपीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा दैलेख नगरपालिका - ५ का ३० वर्षीय नैनसिंह विक छन् । राष्ट्रिय अनुसन्धान विभाग र प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को डिएसपी बताउँदै सरकारी कार्यालयहरूमा अनुगमनमा जाने गरेको भेटिएपछि नैनसिंहलाई पक्राउ गरिएको बाँकेका प्रहरी प्रमुख एसपी तुलबहादुर कार्कीले जानकारी दिए ।

उनले आफूलाई डिएसपी नवीन शाही हुँ भनेर तीन महिनादेखि बाँकेका विभिन्न सरकारी कार्यालयहरूमा अनुगन गर्ने, विभिन्न सूचना संकलन गर्ने र कर्मचारीहरूसँग चिया, खाजा खाने गरेको भेटिएको एसपी कार्कीले जानकारी दिए ।

विकलाई मंगलबार कोहलपुर नगरपालिका-११ बाट पक्राउ गरिएको हो । प्रहरीले विकबाट ठगिएकाहरूलाई प्रहरीमा सम्पर्क गर्न आग्रह पनि गरेको छ ।

# कनकाई आरती शुभारम्भ गरिने



**कनकाई, साउन २।** झापाको कनकाई माईधाम कोटिहोममा श्रावणी सोमबारे धार्मिक मेला आयोजना हुने भएको छ।

विगतको वर्षमा भव्यरुपमा आयोजना हुने गरेको सोमबारे धार्मिक मेला कोरोना कहरले गर्दा धाम समितिले आयोजना स्थगन गरेको थियो। यस वर्षदेखि भगवान शिवको महिना साउनमा पर्ने सोमबार धार्मिक मेला योजना गर्ने तयारी गरिएको मंगलवार आयोजित पत्रकार भेटघाट कार्यक्रममा संस्थाका अध्यक्ष शेरबहादुर थापाले जानकारी दिए।

आउँदो सोमबार विविध धार्मिक विधि र परम्परा अनुसार जल बोकेर यात्रा गरिने बोलबम परम्परालाई पनि निरन्तरता दिइने छ। सोमबार कोटीहोम मूल मन्दिर केटीयश्वराय र सामुन्य रहेको कनकेश्वर महादेवको प्रतिमा तथा शिवलिङ्गमा जल चढाउने व्यवस्था मिलाइएको धाम समितिले जनाएको छ।

मेलाको लागि विभिन्न धार्मिक, सामाजिक सङ्घसंस्थाहरूलाई साउने सोमबारका दिन कोटीहवन आएर जल चढाउन समितिले निमन्त्रणा पठाउने काम गर्दै आएको छ। भक्तजनको उपस्थिति अनुसार सुरक्षा प्रदान, समन्वय र मेलामा हुनसक्ने विकृति विसंगतीलाई रोक्न जिल्लास्थित सुरक्षा निकायमा पत्र पठाइएको, सोमबारबाट नै पवित्र मानिएको कनकाई माई नदी किनारमा कनकाई आरती शुरु गर्ने अध्यक्ष थापाले जानकारी दिए। थापाका अनुसार कनकाई आरती अब हरेक सोमबार आयोजना हुने छ।

भजन गायक राजु अधिकारी र वाद्यवादक ध्रुव पाठक, दुर्गा ओलीलगायत कलाकारहरूद्वारा कनकाई आरतीमा भजन तथा बाध्यवाधन प्रस्तुत गर्ने बताइएको छ।

२०४२ सालमा राष्ट्रगुरु योगी नरहरिनाथले कोटीहवन गराएर शुरु भएको धार्मिकस्थल कनकाई धाम कोटीहोम तीन बिगहा १२ कट्ठा क्षेत्रफलमा फैलिएको छ। होटीहवन क्षेत्रमा २४ थर गोत्रीय बन्धुहरूको मन्दिर तथा आश्रमहरू रहेको छ।

त्यसैगरी कोटीहवन मूल मन्दिरदेखि उत्तरतर्फ लक्ष्मीनारायण मन्दिरको मंगलवार शिलान्यास भएको छ। झापा दमक-६ निवासी हिरण्यकुमार ढुङ्गेल र दुर्गादेवी ढुङ्गेलले उक्त मन्दिर निर्माण गरिदिने भएका हुन। आफ्ना पितृहरूको स्मृतिमा निर्माण गरिने मन्दिर निर्माण लागत खर्च २५ लाख हुने मन्दिर निर्माणकर्ता हिरण्यकुमारले बताए।

धामका अध्यक्ष शेरबहादुर थापाको अध्यक्षतामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा धामका वरिष्ठ उपाध्यक्ष निर्मलकुमार खतिवडाले स्वगात र महासचिव दीनानाथ खतिवडाले कार्यक्रम सञ्चालन गरेका थिए।

## केसलिया नदीमा मोटरबोटको सफल परीक्षण

**विराटनगर, साउन २।** विराटनगर महानगरपालिकाले खरिद गरेको मोटरबोटको केसलिया नदीमा बुधवार सफल परीक्षण गरिएको छ। बाढी र डुबानमा परेका नागरिकलाई तत्काल उद्दार गर्ने उद्देश्यले रु. नौ लाख ७५ हजारमा मोटरबोट खरिद गरी सफल परीक्षण गरिएको महानगरले जनाएको छ।

महानगरप्रमुख नागेश कोइरालासहितका टोलीलाई मोटरबोटमा राखेर नगर प्रहरीले परीक्षण गरेको थियो। मोटरबोट सञ्चालन भएसँगै बाढी र डुबानमा फसेका नागरिकलाई तत्काल उद्दार गर्न सहज हुने प्रमुख कोइरालाले बताए। उक्त मोटर इञ्जिन जडान नगरिकन पनि सञ्चालन गर्न सकिन्छ। विराटनगरको पूर्वमा सिङ्घीया र पश्चिममा केसलिया नदी भएकाले स्थानीयले हरेक वर्ष बाढी र डुबानको समस्या झेल्दै आएका छन्।

महानगरसँग यसअघि रबरबोट मात्रै रहेको भन्दै प्रमुख कोइरालाले मोटरबोट खरिद गरिएसँगै बाढी र डुबानमा फसेका महानगरवासीलाई तत्काल उद्दार गर्न सजिलो हुने बताए। यसअघि बाढीमा फसेका नागरिकलाई उद्धार गर्न सशस्त्र प्रहरीसहित अन्य सुरक्षा निकायबाट मोटरबोट मगाउनु पर्ने बाध्यता थियो।

प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र पराजुलीले काठमाडौँबाट खरिद गरेर ल्याइएको मोटरबोटको परीक्षण सफल भएको प्रतिक्रिया दिए। नगर प्रहरी निरीक्षक राजन पौडेलले मोटरबोटसम्बन्धी सम्पूर्ण जानकारी कम्पनीले दिएपछि नगर प्रहरीले जडान गरी सञ्चालन गरिएको बताए। नगर प्रहरीका चार जनाले बाढी र डुबानमा परेका नागरिकको मोटरबोटबाट उद्दार गर्न विशेष तालिमसमेत लिइसकेका छन्।

## 'कार्साङ' को वर्कसपमा जुटे दयाहाङ



अर्को साताबाट छायाङ्कनको तयारीमा रहेको चलचित्र 'कार्साङ' को केही दिनदेखि काठमाडौँमा वर्कसप चलिरहेको छ। चलचित्र छायाङ्कनका लागि सहज बनाउने उद्देश्यले वर्कसप आयोजना भएको हो।

वर्कसपमा कलाकार सृजना निङ्लेकु, जितु नेपाल, दिया मास्के, बुद्धि तामाङ, छिरिङ शेर्पा, सरिता गिरी केही अगाडि जोडिएका थिए। मङ्गलवारबाट अभिनेता दयाहाङ राई पनि जोडिएका छन्। अभिनेता दयाहाङ राई चलचित्रको वर्कसपमा जोडिएसँगै निर्माण टिमले छायाङ्कनको तयारीमा समेत जुटेको छ।

यार्सा फिल्मस् र पुरुषोत्तम प्रधान फिल्मसको प्रस्तुतिमा निर्माण हुन लागेको चलचित्रको केही अगाडि बौद्ध भिक्षुहरूबाट स्क्रिप्ट पूजा गराई शुभमुर्हत गरिएको थियो। सामाजिक कथावस्तुमा निर्माण हुने यो चलचित्रमा दयाहाङ राई, सृजना निङ्लेकु, जितु नेपाल, दिया मास्के, बुद्धि तामाङ, छिरिङ शेर्पा र सरिता गिरीको अभिनय रहने छ। त्यस्तै चलचित्रमा माओत्से गुरुङ, पुष्कर गुरुङ, सम्राट क्षेत्री, राशी लिम्बू, सोहन थापा, कर्मा शेर्पा, छोकी शेर्पा, पवन गोले, सञ्जय ढुङ्गाना र सृष्टि ढुङ्गानाको पनि अभिनय रहने छ। सृजना र छिरिङले यसै चलचित्रमार्फत अभिनयमा डेब्यु गर्न लागेका हुन्।

सृजनाले केही म्युजिक भिडिओमा काम गरेकी छिन् भने छिरिङले शेर्पा समुदायमा बनाइएका केही फिल्म र म्युजिक भिडियोमा अभिनय गरेका छन्। उनी टेलिभिजन रियालिटी सो 'डान्सिङ स्टार नेपाल सिजन २' को विजेता समेत हुन्। यम शेर्पाले निर्देशन गर्ने चलचित्रको कथा, पटकथा तथा संवाद निर्देशक शेर्पाले नै लेखेका हुन्। चलचित्रका निर्माता पुरुषोत्तम प्रधान हुन्। चलचित्रमा प्रधानकै डिओपी रहने छ। गोविन्द बोहरा सह-निर्माता रहेको चलचित्रका आङछिरिङ शेर्पा कार्यकारी निर्माता, वीरेन्द्र शाही लाइन प्रोड्युसर रहेका छन्।

चलचित्र बाह्रबिसे नगरपालिका र भोटेकोशी गाउँपालिकाको विभिन्न स्थानमा छायाङ्कन गरिने निर्माण पक्षले जनाएको छ। देशभर वितरणको जिम्मेवारी आरआर फिल्मस्ले लिएको छ।

## बाँदरबारे...

छ। तर यसबारे भइरहेका बहसले समस्या व्यापक भएको संकेत गर्छन्।

**के भारतबाट केही सिक्न सकिन्छ ?**

सन् २००६ देखि २०१८ को बीचमा भारतको हिमाञ्चल प्रदेशमा एक लाख ६० हजार बाँदरको बन्ध्याकरण गरिएको थियो। नेपालका सांसदको एक टोलीले वनकर्मी र पशु चिकित्सकहरूको साथमा यसले काम गरेको छ कि छैन र यदि काम गरेको छ भने यसका चुनौतीहरू के के हुन् भनेर बुझ्न भारतीय राज्यको भ्रमण गरेको थियो।

यो केवल एक विकल्प हो। तर बाँदरको बन्ध्याकरण धेरै महँगो पर्छ। किनकि बाँदर समात्न र शल्यक्रियाको घाउ निको नभएसम्म तिनीहरूलाई खोरमा राख्न धेरै गाह्रो हुन्छ- वन्यजन्तु विभागका प्रवक्ता वेदप्रसाद ढकाल भन्छन् -हामी यो खर्च धान्न सक्छौं जस्तो मलाई लाग्दैन।

भारतीय वातावरण तथा वन मन्त्रालय अन्तर्गत सञ्चालित एनिमल वेलफेयर बोर्ड अफ इन्डिया (एडब्लूबीआई)ले बन्ध्याकरण प्रक्रियाका क्रममा समातिएका बाँदरलाई चोटपटक लागेको, भोकै राखिएको, लामो समयसम्म बन्धक बनाइएको र अन्य दूर्व्ययवहार गरिएको भन्दै कार्यक्रमको आलोचना गरेको थियो।

हिमाञ्चल प्रदेशले पनि सन् २०१६ देखि २०२० सम्म जनावरलाई 'पेस्ट एनिमल' अर्थात् हानिकारक जनावरका रूपमा वर्गीकृत गर्ने अधिकार भएको केन्द्र सरकारको अनुमति लिएर बाँदर मार्ने कार्यक्रम सञ्चालन गरेको थियो। सन् २०१६ मा बाँदरलाई बालीनाशकका रूपमा वर्गीकृत गर्ने कदमले त्यति वेला भारतीय मन्त्रिपरिषद्मा वाक्युद्ध शुरू भएको थियो। तत्कालीन महिला तथा बाल विकासमन्त्री मेनका गान्धीले वातावरणमन्त्रीको आलोचना गर्दै भनेकी थिइन्,-मन्त्रालयले निर्दोष जनावर मार्न अनुमति दिइरहेको छ।

कति जनावर मारिए भन्ने तथ्यांक भने सार्वजनिक गरिएको छैन। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ योजना अधिकृत हरिभद्र आचार्यका अनुसार सन् २०२३ मा नेपालले पनि यस्तै कदम चाल्नेबारे गम्भीरतापूर्वक सोचिरहेको थियो। उनका अनुसार जंगली बँदेल र रातो बाँदर दुवैलाई मार्नका लागि मार्गप्रशस्त गर्न दुवै प्रजातिलाई बालीनाशकका रूपमा वर्गीकृत गर्ने तयारी गरिएको थियो। तर पछि बँदेललाई बालीनाशकका रूपमा वर्गीकृत गरियो, तर धार्मिक महत्व भएकाले बाँदरलाई गरिएन। त्यसैले हामीले बाँदरलाई मारिने जनावरको सूचीबाट हटाउनुपर्‍यो- आचार्य भन्छन्।

हिन्दू समुदायका मानिसले बाँदरलाई पवित्र मान्ने गर्छन्। तर यसले अधिकारीहरूलाई मार्ने विचार गर्नबाट रोकेको छैन। कल भनिने यो विधि वन्यजन्तु व्यवस्थापनको एक हिस्सा हो र यो अन्य देशमा पनि गरिएको छ। आवश्यक परेको खण्डमा हामीले गर्नुपर्छ,- वन्यजन्तु विभागका पूर्व महानिर्देशक फणीन्द्र खरेल भन्छन्।

**व्यवस्थापनको कमजोरीले बढ्दो आक्रमण**

नेपालको सामुदायिक वन कार्यक्रमले रातो बाँदर-मानव द्वन्द्वमा योगदान पुऱ्याएको हुन सक्ने कोइरालाको अर्को शोधपत्रमा उल्लेख छ। वन कार्यक्रमले सन् १९७५ मा १.३१ प्रतिशत रहेको वन फँडानीको दर सन् २०१३ मा ०.०१ प्रतिशतमा घटाउन मद्दत गऱ्यो। तर यसले एकाध प्रजातिका रूख रोप्ने वा मोनोकल्चर वृक्षरोपणलाई पनि बढावा दियो। सन् १९३० देखि २०१४ को बीचमा ४८.६ प्रतिशत रैथाने वनको क्षति भएको छ भने १.०१ वर्ग किलोमिटरदेखि २.०२ वर्ग किलोमिटरको बीचमा रहेका साना वन क्षेत्रको संख्या सन् १९३० मा ६ हजार ९२५ बाट बढेर सन् २०१४ मा ४२ हजार ९६१ पुगेको छ। वन कार्यक्रमका लागि छानिएका रूखको आर्थिक मूल्य काठका रूपमा उच्च थियो। तर यसले प्राकृतिक जैविक विविधतालाई पुनःस्थापित गर्न सकेन।

फलस्वरूप खाद्यप्रदायक धेरै प्रजाति घट्दै गए र नयाँ एकल रूख प्रणालीका वनले व्यावसायिक मूल्यमा अत्यधिक ध्यान केन्द्रित गरे जसले बाँदरलाई खेतीयोग्य भूमिमा आक्रमण गर्न बाध्य बनायो- कोइराला भन्छिन्,-बाँदरले अहिले जंगलभित्र पर्याप्त आहार पाउन सक्दैनन्।

यी सामुदायिक वन मुख्यतया नेपालको मध्यपहाडी क्षेत्रमा छन् जहाँ मानव र बाँदरबीचको द्वन्द्व बढ्दै गएको छ। तर सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष ठाकुर भण्डारी यस तर्कको खण्डन गर्छन्। हाम्रा वनहरू विविधतायुक्त छन् र हामीले देशभरि फलफूल सहित धेरै प्रजातिका रूख रोपेका छौं। सरकार र अन्य निकायले यो संकट टार्न सकेनन् र अहिले उनीहरूले हामीमाथि औंला उठाइरहेका छन्,- भण्डारी भन्छन्। बाँदरलाई सजिलै नियन्त्रण गर्न सकिने उनको तर्क छ। समस्या समाधान गर्न सक्नुहुन्न भने हामीलाई यसको जिम्मा र अधिकार दिनुहोस्। हामी उनीहरूको संख्या नियन्त्रण गर्न आवश्यकताका आधारमा मारेर केही महीनाभित्र यसको समाधान गर्नेछौं,- भण्डारी थप्छन्, -समुदाय पीडित छन्, तर विशेषज्ञ, कर्मचारितन्त्र र राजनीतिकर्मीहरू केवल गफ मात्र गरेर बसिरहेका छन्।

**बसाइँसराइले थप्यो समस्या**

सन् १९९० को दशकयता नेपालबाट रोजगारीका लागि विदेशिनेको संख्या उच्च हुनु अर्को पेचिलो कारण हो। इन्टरन्याशनल अर्गनाइजेशन फर माइग्रेशनको सन् २०१९ को तथ्यांक अनुसार विदेश जाने आप्रवासीमध्ये ९० प्रतिशतभन्दा बढी पुरुष थिए भने ७५ प्रतिशतभन्दा बढी १५ देखि ३४ वर्ष उमेर समूहका थिए। अर्कातिर, कमाइ बढेपछि पहाडबाट तराइमा बसाइँ सर्नेको संख्या पनि बढ्यो। बाँदर र मानिसबीचको द्वन्द्व विगतमा पनि थियो, तर उनीहरूलाई रोक्न वा खेतमा पहरा दिन मानवशक्ति थियो,- कोइराला भन्छिन्। अहिले खेतबारीको व्यवस्थापन गर्नेमा मुख्यतः महिला, बालबालिका र वृद्धवृद्धा मात्र छन्। खेतबारीमा आधारित आहारले बाँदरको व्यवहारमा पनि परिवर्तन ल्याएको कोइराला बताउँछिन्। उनी भन्छिन्, -बाँदरले खेतबारीमा प्रोटिनमा आधारित खाना एकै ठाउँमा बसेर खान्छन् जसका कारण ऊर्जा खपत कम हुन्छ। त्यो ऊर्जा बाँदरले प्रजननमा खर्च गर्छन्। यसले पनि बाँदरको संख्या बढाएको छ।

वन तथा वातावरण मन्त्रालयले केही साताअघि समस्या समाधानका लागि सुझाव दिन समिति गठन गरेको छ। तथापि त्यो समितिले कुनै ठोस समाधानको उपाय दिन्छ भन्नेमा मन्त्रालयकै कर्मचारी समेत आशावादी छैनन्। नाम उल्लेख नगर्ने शर्तमा एक उच्च अधिकारी भन्छन्,-समस्या समाधान गर्ने मनसाय थियो भने प्रधानमन्त्री र सांसदको नेतृत्वमा राजनीतिक कार्यादेश सहितको उच्चस्तरीय समिति हुनुपर्थ्यो। मन्त्रालयले गठन गरेको यस्तो समिति एउटा कर्मकाण्ड मात्र हुनेछ। किनभने अन्य विषयमा विभिन्न समितिबाट आएका धेरै सुझाव पनि यत्तिकै थन्किँदै आएका छन्।

## धरान...

गर्ने पालिकालाई थप अन्य विषयमा पनि कडाइ गर्नुपर्ने बताए। बजेट होलिडेमा भएको खर्च तथा राजश्वको काम ठप्प हुने उनको तर्क छ। 'साउन १ गतेबाट खाता बन्द नै हुन्छ। बैंकले नै स्थानीय सरकारको खाता सञ्चालनमा रोक लागेपछि पालिकाको काम ठप्प हुन्छ, यसले प्रत्यक्ष सेवा दिने सरकार नै रोकिएको जनतालाई आभास हुन्छ,- पौडेलले भने।

**मन्त्रालयमा २३४ को छैन प्रविष्टि**

स्थानीय तहले बजेट पास गरे पनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रविष्ट गरेका छैनन्। ७ सय ५३ स्थानीय तहमध्ये मंगलबार कार्यालय समयसम्म जम्मा ५ सय १९ स्थानीय तहले मात्रै बजेट प्रविष्ट गरेका छन्। मन्त्रालयका अनुसार २ सय ३४ स्थानीय तहले बजेट प्रविष्ट नगरेका हुन्।


## बिमालेख हरायो

**बिर्तामोडबाट भद्रपुर जाने क्रममा यही मिति २०८१/०२/२२ गते हाम्रो निम्न व्यहोराको एलआइसी/लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछौ ।**

**नाम**:- मैया किस्कू
**ठेगाना**:- बिर्तामोड -१०, झापा
**पोलेसी नं.**:- ६००००२४१९
**ठेगाना**:- बिर्तामोड -१०, झापा
**ठेगाना**:- बिर्तामोड -१०, झापा

**नाम**:- लुक्ष्य किस्कू
**ठेगाना**:- बिर्तामोड -१०, झापा
**पोलेसी नं.**:- २०००२०८६६
**कम्पनी नाम**: एलआसी लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड
**सम्पर्क**: ९८१६०५६८४६


## ट्रायल ...

प्रवेश गरेर पास भएको सूचीमा नाम चढाई दिन्छन्।

केही सेवाग्राहीलाई यस विषयमा सोधखोज गर्दा बिचौलियाले काम गरेबापत २० हजारदेखि ४० हजारसम्म माग्ने गरेको बताए। यातायात व्यवस्था विभाग स्रोतबाट प्राप्त तथ्यांकअनुसार २०७२ यता यातायात व्यवस्था कार्यालय चाबहिलबाट मात्रै पाँच हजारभन्दा बढी सेवाग्राहीले सेटिङबाट लाइसेन्स प्राप्त गरेका छन्। अघिल्लो आर्थिक वर्षमा मात्रै चाबहिलबाट २२० जनाले यसरी लाइसेन्स पाएको देखिन्छ।

सेटिङ यातायात कार्यालय चाबहिलमा मात्रै छैन, ललितपुरको एकान्तकुना कार्यालयबाट ५ सय २०, इटहरी कार्यालयबाट ४ सय ७३, काठमाडौंको ठूलोभर्याङ कार्यालयबाट ४ सय १२ र बुटबल कार्यालयबाट १ सय ३१ वटा लाइसेन्स जारी भएको देखिएको छ।

देशभरका ४० कार्यालयबाटै फेल भएकालाई पास भएको देखाएर लाइसेन्स बाँडिएको देखिन्छ। अन्य कार्यालयबाट भने एक सयभन्दा तलको सख्यामा बाँडिएका छन्। मधेश प्रदेशका कार्यालयको हकमा भने शुरुमै सेटिङ मिलाएको पाइएको छ। हामी कसरी यसलाई नियन्त्रणमा लिन सकिन्छ अब खोज्छौं,- यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले भने।

अन्तर्राष्ट्रिय अभ्यासहरु हेर्ने हो भने लाइसेन्स प्राप्त गर्न प्रक्रियामा प्रवेश गरेको परीक्षार्थीको लिखित परीक्षाको पत्र कम्प्युटरले नै जाँच गर्ने र सोहीअनुसार परीक्षाफल प्रकाशित गर्ने गरिन्छ। प्रयोगात्मक परीक्षा भने सेन्सर जडित ट्रायल सेन्टरमा गरिने हुँदा तत्काल परीक्षार्थी पास या फेल भएको थाहा हुन्छ। जहाँ कर्मचारी र प्रहरीले चलखेल गर्ने ठाउँ पाउँदैनन्। तर, नेपालमा भने सरकारी ट्रायल सेन्टर नै छैनन्, अधिकांश भाडामा छन्। न पूर्ण मापदण्डमा छन् न उनीहरुले सरकारलाई टेर्छन्। यसको गलत फाइदा ट्रायल सेन्टर सञ्चालकदेखि बिचौलिया, कर्मचारी र प्रहरीले उठाइरहेका छन्।

## तीन ...

लाख लाख तथा अन्तःशुल्कबापत रु. ६४ करोड ४६ लाख ५५ हजार राजश्व सङ्कलन गरेको सूचना अधिकारी आचार्यले बताए। जिल्लामा विकास निर्माणका आयोजनामा चालू आवमा कम भुक्तानी हुँदा मूल्य अभिवृद्धि करवापत हुने आम्दानी घटेको छ। गत आवमा मूल्य अभिवृद्धि करवापत रु. एक अर्ब ३७ करोड ८८ लाख ९२ हजार राजश्व सङ्कलन भएको थियो।

## साउन ...

पार्टी (एमाले)का मुख्य सचेतक महेशकुमार बर्तौलाले जानकारी दिए।

नेपालको संविधानको धारा ७६ (२) अनुसार नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली गत असार ३० गते प्रधानमन्त्रीमा नियुक्त भएका थिए। प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको समर्थनमा एमाले संसदीय दलका नेता ओली चौथोपटक प्रधानमन्त्री भएका हुन्। संविधानको धारा ७६ (४) बमोजिम उनले विश्वासको मत लिन लागेका हुन्। दुई वा दुईभन्दा बढी दलको समर्थनमा नियुक्त प्रधानमन्त्रीले ३० दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान छ।

## झापा...

सय, दोस्रो पटक रु. एक हजार र तेस्रो पटक रु. एक हजार पाँच सय जरिवाना लिने गरिएको प्रहरी नायब निरीक्षक गौतमले बताए। उनले भने - अहिले सवारीसाधन र चालक अनुमतिपत्रका आधारमा कसूरको प्रकृति हेरी कारबाही गर्छौं। एउटै चालक अनुमतिपत्र र सवारीसाधनले अर्कोपटक गल्ती गरे जरिवाना बढ्दै जान्छ।

गतवर्ष सबैभन्दा धेरै १६ हजार छ सय ७६ मोटरसाइकल कारबाहीबाट रु. एक करोड सात लाख ३१ हजार एक सय ४१ राजश्व सङ्कलन गरिएको जिल्ला ट्राफिक कार्यालयले जनाएको छ। त्यस्तै १८ हजार छ सय ५७ कार तथा जीपलाई कारबाही गर्दा रु. एक करोड सात लाख २७ हजार राजश्व सङ्कलन भएको थियो।

जिल्लामा दुर्घटना हुनुको प्रमुख कारण मादक पद्धार्थ सेवन (मापसे) गरेर सवारीसाधन चलाउन रहेको नायब प्रहरी निरीक्षक गौतमले बताए। गत वर्ष मापसे गरेर सवारीसाधन चलाउने दुई हजार ६४ सवारीसाधनलाई करबाही गरिएको थियो। सवारी दुर्घटनामा परी मृत्यु हुनेमा अधिकांशले मापसे गरेका व्यक्ति पाइएको प्रहरी नायब निरीक्षक गौतमले जानकारी दिए। यसैगरी तीव्र गति, चालकको लापरबाहीलगायत कारण रहेका उनले बताए।

## विद्यार्थीलाई ...

स्थानबाट बाहिर ननिस्कन तथा आ-आफ्नो कलेज प्रशासनको निर्देशन पालना गर्न आग्रह गरेको हो। दूतावासले घटनालाई नजिकबाट नियाली रहेको र आफू बसेको स्थानमा प्रतिकूल असर परे दूतावासमा सम्पर्क गर्न आग्रह गरेको छ।


**MITERI Development Bank Limited**
**मितेरी डेभलपमेन्ट बैंक लिमिटेड**
Banking and beyond

**(नेपाल राष्ट्र बैंकबाट 'ख' बर्गको इजाजत प्राप्त संस्था)**
**प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी**
**फोन नं. ०२५-५३६३१७/५३८३१७**
Email:- info@miteribank.com.np

## कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

**(प्रथमपटक प्रकाशित मितिः २०८१/०४/०३**

**तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलको शाखाबाट उपभोग गरेको तपसिल बमोजिम कर्जाको ऋणको साँवा र ब्याज वा किस्ताको रकम नियमित नबुझाई लामो समयदेखि बक्यौता रहिरहेको हुनाले र कर्जा भुक्तानी गर्न पटकपटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफूले लिएको कर्जाको तिर्न बाँकी साँवा, सोमा लागेको ब्याज तथा हर्जानासमेत यस शाखामा उपस्थित भई यथाशिघ्र चुक्ता भुक्तानी गर्नु होला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा पनि कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन,२०५८ र सोको नियमावली २०५९ ले दिएको अधिकार प्रयोग गरी लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असूल उपर गरी लिने व्यहोरा समेत ऋणी लगायत यस बैंकको अभिलेखमा रहेका देहायका सवै व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैलाई जानकारी गर्राान्छ। साथै तपसिमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा सम्बन्धित ऋणी, धितो जमानतकर्ताको तीनपुस्ते विवरण सहितको नाम समावेश गरिने ब्यहोरा समेत सम्वन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।**

**तपसिल**

**शाखा कार्यालय, सुरुङ्गा, झापा (०२३-५५२३११, ९८०२३०२७४७)**

| ऋणी नाम र ठेगाना | धितोको विवरण |
|---|---|
| **कर्जाको किसिम**<br>**१) व्यवसायिक कर्जा**<br>ऋणी घरेलु तथा साना उधोग कार्यालय, भद्रपुर झापामा मिति २०७२।०२।२७ दर्ता नं. ६७०।८३१।११९५० भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व कार्यलय भद्रपुर झापामा मिति २०७२।०२।३१ मा दर्ता भएको पान नं.६०३२३३८९२ अनुरोद काष्ठ फर्निचर उधोग (प्रो.नविन कार्की) ठेगाना शनिअर्जून न.पा. ९, अर्जुनधारा, झापा।<br><br>प्रोपाईटर/जमानतकर्ता : नविन कार्की<br>बावुको नाम :- हेम बहादुर कार्की<br>बाजेको नाम :-धन बहादुर कार्की<br>ठेगाना :- शनि अर्जुन न.पा. ९, अर्जुनधारा, झापा<br>ना.प्र.नं. :-०३६८८९३।६७३<br>जारी मिति :- २०६०।०१।०४, इलाम | १) मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री नविन कार्कीको स्वामित्व रहेको कि.न.१३५३ क्षेत्रफल क्रमशः ०-३-०-०, साविक पाराखोपी गा.वि.स -२, झापा स्थित जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br><br>जमानतकर्ता<br>नाम : दमन्ता कार्की<br>वाबुको नाम :- तुलसीराम न्यौपाने<br>पतिको नाम :- नविन कार्की<br>ठेगाना :- शनिअर्जुन न.पा. ९,अर्जुनधारा, झापा<br>ना.प्र.नं. :- ०३०३१३।६२१<br>जारी मिति :- २०६३।११।१६ |

पुनश्च : यस बैंकबाट ऋण लिई किस्ता, ब्याज समयमा नै नबुझाएका अन्य ऋणीहरुलाई समेत किस्ता तथा ब्याज नियमित गर्नु हुन अनुरोध गर्दछौ। अन्यथा बैंकको नियमानुसार यसरी नै कर्जा असुली प्रकृया अगाडि बढाइने व्यवहोरा समेत यसै सूचना मार्फत सबैमा जानकारी गराइन्छ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# दलीय भूमिका कमजोर हनुहुँदैन

**दलीय भूमिका कमजोर, अस्पष्ट, सङ्कीर्ण र अनुदार भएका कारण नेपाली जनताले दुःख पाएका हुन् । राजनीतिक दललाई लोकतन्त्रको आधारशिला भनिन्छ । दलगत शासन उत्तरदायी शासनको महत्त्वपूर्ण सिद्धान्त हो । राजनीतिक दल उत्तरदायी शासनको अविभाज्य अङ्ग हो । राजनीतिक दल बिना लोकतन्त्रको कल्पनासम्म पनि गर्न नसकेका पश्चिमी विद्वानहरू छन् । राजनीति भनेको राज्य विषयक विज्ञान हो । प्राचीन र प्रारम्भिक राजनीतिक विद्वानहरूले विज्ञानको रूपमा राजनीतिलाई मानेका छन् । आधुनिक राजनीतिक वैज्ञानिकहरूले राजनीतिलाई सर्वश्रेष्ठ नीतिका रूपमा विस्तृत अर्थमा प्रयोग गरेका छन् ।**

**हिजोआज राजनीति भन्नाले व्यावहारिक राजनीति भन्ने बुझिन्छ र यसको प्रयोग या त राजनीतिक दललाई नियन्त्रण गरी कुनै खास सरकारी पदमा पुग्ने कलाका लागि गरिन्छ या सरकारको नीतिलाई निर्देशित गरी कुनै खास लक्ष्यतर्फ अभिमुख गराउने कलाका लागि गरिन्छ । समाजसेवा, खेलकुद, व्यापार, शिक्षा लगायत क्षेत्रमा गुटबन्दी भएमा राजनीति घुस्यो भनेर भनिन्छ । वस्तुतः हिजोआज राजनीति विकृत अर्थमा प्रयोग गरिन्छ । वास्तवमा राजनीतिक दलले राज्य सञ्चालनको प्रमुख भूमिका खेल्दछन् । तर अचेल राजनीति भन्नाले छक्कापञ्जा, छलछाम, गुटबन्दी र स्वार्थको खेललाई बुझिन्छ । यो राजनीतिको सङ्कीर्ण परिभाषा हो । दलीय व्यवस्थामा राजनीतिक दलका कमजोर भूमिकाका कारण सबै क्षेत्रमा समस्या सिर्जना हुन्छन् ।**

**पहिलो कुरा राजनीतिक दलले आफ्नो कर्तव्य र गरिमालाई बोध गर्न सकेमा मात्र लोकतान्त्रिक व्यवस्थाको महत्त्व स्थापित हुन्छ । आधुनिक शासन–व्यवस्था लोकमतमा निर्भर छ । हरेक राजनीतिक दलले आफ्नो जनताप्रतिको दायित्व र मुलुकप्रतिको उत्तरदायित्व बुझ्न जरुरी हुन्छ । स्थानीय, क्षेत्रीय र राष्ट्रिय समस्या र तिनका समाधानका लागि दलहरूले सक्रियता, सबलता र सक्षमतापूर्वक चिन्तनमनन र विचारविमर्श गर्नुपर्छ । बनेका नीति–नियम र योजना–परियोजनालाई सफलताका साथ कार्यान्वयन गर्ने मूल दायित्व राजनीतिक दलकै हो । नेपालमा नेपाली कांग्रेस र एमाले जस्ता दलले मुलुकको विकास, सुरक्षा, विदेश सम्बन्ध, शिक्षा नीति लगायतका विषयमा आफ्नो धारणालाई प्रभावशाली बनाउनका नसकेको कारणबाट आजका समस्या सृजना भएका हुन् । दलको अभावमा स्वतन्त्रताको अभाव रहन्छ । प्रतिनिधिमूलक लोकतन्त्रको सफलता राजनीतिक दलहरू उपर नै निर्भर छ ।**

**राजनीतिक दलविना लोकतान्त्रिक शासन व्यवस्था चल्न नसक्ने कुरा जगजाहेर छ । राजनीतिक दलहरूले नै मनुष्यका अस्पष्ट तथा परस्पर विरोधी विचारहरूलाई रूप र आकार प्रदान गर्दछन् । राजनीतिक दल नहुने हो भने सिद्धान्तको एकीकृत अभिव्यक्ति हुन सक्दैन, नीतिको नियमित विकास असम्भव हुन जान्छ, नियमितरूपले निर्वाचनको वैधानिक उपाय प्रयोग गर्ने तरिका समाप्त हुन जान्छ र ती समस्त संस्थाहरूको अन्त्य हुन जानेछ । जसको माध्यमबाट राजनीतिक दलले शक्ति ग्रहण गर्दथ्यो र तिनलाई जीवित राख्ने प्रयत्न गर्दथ्यो । राजनीतिक दल जनमत निर्माण र जनताको विचार अभिव्यक्तिको महत्त्वपूर्ण साधन हो । राजनीतिक दलले जनताप्रतिको कर्तव्यबोध गरेमा लोकतन्त्र सबल हुन्छ र मुलुक खिचातानीबाट मुक्त भएर सकुशल प्रभावशाली, समृद्ध र विकसित हुन सक्छ ।**

# पाठ्यक्रम नयाँ, विधि पुरानै

चिन्तामणि रिजाल





पाठ्यक्रम ढाँचा, २०७६ (संशोधनसहित, २०७८) विद्यालय तहमा पूर्ण कार्यान्वयनमा छ । यस पाठ्यक्रमले अघिल्ला पाठ्यक्रमभन्दा फरक मूल्याङ्कन नीति अवलम्बन गरेको छ । अर्थात् कक्षा १-३, ४-८ र ९-१२ लाई तीन फरक तहमा विभाजन गरी मूल्याङ्कनका विभिन्न विधि अपनाइएका छन् ।

कक्षा १ देखि तीनसम्मको पाठ्यक्रम एकीकृत पाठ्यक्रम प्रणालीमा आधारित छ, जुन दुई वा दुईभन्दा बढी विषयको संयोजन गरी एक अर्को विषयबिचको अवधारणाको सम्बन्ध खोज्न लगाउने, विद्यार्थीको समूह निर्माण गरी सिक्ने-सिकाउने अवसर प्रदान गर्ने गरी तयार पारिएको पाठ्यक्रम हो । अर्थात् दुई वा दुईभन्दा बढी विषयका उद्देश्यसँगै मिलाएर सिकाउन सकिने गरी निर्माण गरिएको पाठ्यक्रम नै एकीकृत पाठ्यक्रम हो ।

यस पाठ्यक्रम अनुसार, कक्षा १-३ को मूल्याङ्कन शतप्रतिशत आन्तरिक मूल्याङ्कन प्रणालीमा आधारित छ । बालबालिकाले पाठ्यक्रमद्वारा तोकिएको विषयवस्तुमा दक्षता हासिल गरे नगरेको सिकाइ उपलब्धि गणनामार्फत मूल्याङ्कन गरिन्छ । निर्धारित सिकाइ उपलब्धि हासिल गर्न नसके उपचारात्मक विधिमार्फत पुनः दक्षता हासिल गराउने लक्ष्य लिइएको छ । सिकाइ उपलब्धि गणना एक मात्र मूल्याङ्कनको त्यस्तो औजार हो, जसले बालबालिकाले पूर्व निर्धारित शैक्षिक उपलब्धिहरू हासिल गरे वा गरेनन् भनी मापन गर्छ । यो पाठ्यक्रमले निर्णयात्मक मूल्याङ्कनभन्दा निर्माणात्मक मूल्याङ्कनलाई बढी जोड दिएको छ । अर्को शब्दमा, पेन्सिल परीक्षणलाई यस पाठ्यक्रमले पूर्णरूपमा निषेध गरेको छ ।

कक्षा ४ देखि ८ सम्म अध्ययनरत बालबालिकाका लागि आन्तरिक र बाह्य दुबै प्रकारको मूल्याङ्कन प्रणाली अवलम्बन गरिएको छ, जसका लागि ५०-५० प्रतिशत अङ्क छुट्याइएको छ । पहिलो पटक आन्तरिक मूल्याङ्कनमा प्रयोगात्मक परीक्षाको अलावा परियोजना कार्य र सहभागितालाई समेत समावेश गरिएको छ, जसका लागि क्रमशः ३६ र ४ अङ्क छुट्याइएको छ । मूल्याङ्कन प्रणालीमा पहिलो पटक समावेश गरिएको 'सहभागिता' शीर्षक अन्तर्गत कक्षाकोठामा हुने विद्यार्थीको सहभागिता र दैनिक उपस्थितिलाई आधार बनाइएको छ । यो पाठ्यक्रमले बालबालिकालाई कक्षाकोठामा नियमित र सक्रिय सहभागी हुन र खोज अनुसन्धान गर्न प्रोत्साहित गर्ने लक्ष्य राखेको छ । तसर्थ, यो पाठ्यक्रम प्रविधि र खोज अनुसन्धानमा आधारित र अघिल्लो पाठ्यक्रमभन्दा अझ परिष्कृत छ ।

प्रथम र दोस्रो त्रैमासिक परीक्षाको अङ्क पनि आन्तरिक मूल्याङ्कनमा समावेश गरिएकाले लगनशील विद्यार्थीका लागि यी परीक्षाले निकै महत्व राख्छ । यी परीक्षामा प्राप्त अङ्क पनि मूल परीक्षाको अङ्कसँग जोडिने हुँदा बालबालिका पढाइ लेखाइमा थप क्रियाशील हुने विश्वास यो पाठ्यक्रमले लिएको छ । यद्यपि कक्षा ९-१२ को बाह्य तथा आन्तरिक मूल्याङ्कनका लागि क्रमशः ७५ र २५ प्रतिशत अङ्कभार छुट्याइएको छ । विद्यार्थीलाई तल्लो कक्षादेखि नै खोज अनुसन्धान गर्न, सिर्जनशील बनाउन र अन्य गतिविधिमा सक्रिय सहभागिता जनाउने लक्ष्य राखेकाले अघिल्ला पाठ्यक्रमभन्दा यो पाठ्यक्रम उत्कृष्ट मानिएको छ ।

यद्यपि शिक्षामा बढ्दो व्यापारीकरण र अस्वस्थ प्रतिस्पर्धाका कारण पाठ्यक्रम कार्यान्वयन चुनौतिपूर्ण देखिएको छ । विद्यालयको आर्थिक अवस्था, समय सापेक्ष परिमार्जन हुन नचाहने शिक्षक, नियमनकारी निकायको कमजोर अनुगमनकारी भूमिका आदि कारणले आन्तरिक मूल्याङ्कन प्रभावहीन हुन सक्ने चिन्ता त्यतिकै छ । आन्तरिक मूल्याङ्कनका लागि छुट्याइएको ५० अङ्कभार मध्ये ३६ अङ्क परियोजना कार्य र प्रयोगात्मक परीक्षाका लागि छुट्याइएको छ । यद्यपि शिक्षकले विद्यार्थीलाई परियोजना कार्य गर्न प्रोत्साहन नगरी त्यतिकै अङ्क दिने प्रवृत्तिले पाठ्यक्रमले तोकेको उद्देश्य पूरा हुँदैन ।

खासगरी कक्षा १-३ को पाठ्यक्रमले निर्देशित मूल्याङ्कन प्रणालीलाई कुनै पनि विद्यालयले अनुशरण गरेको पाइँदैन । परीक्षा शब्दले बाल मनोविज्ञानमा नकारात्मक असर पार्ने कुरालाई ध्यान दिँदै यो पाठ्यक्रमले कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाका लागि एकीकृत पाठ्यक्रमको विकास गरी परीक्षा नलिई सुधारात्मक शिक्षण पद्धतिलाई जोड दिएको छ । यद्यपि पाठ्यक्रमले निर्धारण गरेको विषयगत सिकाइ उपलब्धि बालबालिकाले प्राप्त गरे कि गरेनन् भनी सिकाइ उपलब्धि गणना गर्ने र निर्धारित सक्षमता हासिल नगरेको भए पुनः उपचारात्मक विधि अन्तर्गत बालबालिकामा सक्षमता हासिल गराउने पाठ्यक्रमको निर्दिष्ट कार्यलाई अधिकांश विद्यालयले अनुसरण गरेको पाइँदैन ।

कक्षा १-३ सम्मका बालबालिकाको परीक्षा नलिन पाठ्यक्रमले निर्दिष्ट गर्दागर्दै पनि हरेक विद्यालयले यसलाई बेवास्ता गर्दै परीक्षा लिने गरेका छन् । बालबालिकाले सिकाइसँगै विषयगत दक्षता हासिल गरे कि गरेनन् भनेर दैनिक रूपमा सिकाइ उपलब्धि गणना गरी अभिलेखीकरण गर्नुपर्नेमा यो व्यवस्थाको धज्जी उडाउँदै हरेक शैक्षिक सत्रको अन्त्यमा हरेक विद्यालयले मिथ्या तथ्याङ्क खडा गरी अभिलेखीकरण गर्ने गरेका छन् ।

यसअघि पनि प्राथमिक शिक्षाको गुणात्मक पक्षको विकास गर्न र प्राथमिक शिक्षा पूरा नगरी बिचैमा विद्यालय छाड्ने विद्यार्थी संख्या घटाउन आवधिक लिखित परीक्षा प्रणाली बाधक भएको महशुस गरी नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयले नवौँ पञ्च वर्षीय योजनादेखि प्राथमिक तहका कक्षा १ देखि ३ सम्मका बालबालिकाका लागि परीक्षणका रूपमा निरन्तर मूल्याङ्कन प्रणालीको शुरुवात गरेको थियो ।

निरन्तर मूल्याङ्कन कक्षा शिक्षणको क्रममा पाठ्यक्रमको उद्देश्य अनुरूप शैक्षणिक उद्देश्य परिपूर्तिका लागि गरिने मूल्याङ्कन हो । विद्यालयमा उपलब्ध समयावधिमा सिकारुका संज्ञानात्मक, प्रवृत्तिजन्य र मनोक्रियात्मक पक्षमा आधारित क्षमतालाई व्यवस्थित अभिलेख राख्ने उपकरणका रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई लिइएको थियो । संज्ञानमा आधारित सक्षमताको परीक्षण अन्तर्गत ज्ञान र बोध, प्रवृत्तिजन्य सक्षमतामा बालबालिकाको प्रवृत्ति, रुची, चाहना, व्यक्तित्व सम्बन्धी अन्य विशेषता र शरीरका अङ्गहरूको चाल सम्बन्धी क्षमता मनोक्रियात्मक परीक्षण अन्तर्गत पर्छन् ।

तसर्थ निरन्तर विद्यार्थी मूल्याङ्कनले सिकारुको सोचाइ प्रक्रियाको विकासको परीक्षण मात्र नगरी विभिन्न पक्षको परीक्षण गर्ने गर्छ । वास्तवमा शिक्षाको गुणात्मक विकासका लागि निरन्तर मूल्याङ्कन आवश्यक पर्छ । हाम्रो देशमा प्राथमिक शिक्षाको गुणात्मक पक्ष सन्तोषजनक हुन नसकेकाले तथा यसको प्रत्यक्ष असर माथिल्लो कक्षाको नतिजामा समेत पर्ने भएकाले प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्ने प्रयास भएको पाइन्छ । मूल्याङ्कन प्रणाली लागू गर्नाले विद्यालयमा भर्ना भएका बालबालिका असफल हुने, कक्षा दोहोऱ्याउने र बिचैमा विद्यालय छाड्ने प्रवृत्ति घटाउँदै शिक्षाको गुणात्मक विकास गर्न सहयोग पुग्छ ।

पहिले पनि निरन्तर मूल्याङ्कन गरी सुधारात्मक शिक्षण विधिको प्रयोग गरेर कमजोर बालबालिकालाई तोकिएको क्षमता हासिल गर्ने गराउने लक्ष्य राखिएको थियो तर त्यसलाई पूर्णरूपमा बेवास्ता गरियो । बालबालिकामा क्षमता हासिल गराई कक्षा चढाउने नीति अवलम्बन गर्नुको सट्टा शैक्षिक सत्रको अन्त्यमा मिथ्या मूल्याङ्कन फारम भरी अभिलेखीकरण गर्ने कार्य गरी यो कार्यक्रमलाई नै असफल बनाइयो । नपढाइ कक्षा चढाउनुपर्ने भन्दै शिक्षकहरूबाटै निरन्तर मूल्याङ्कन प्रणालीप्रति नकारात्मक भाष्य निर्माण गर्ने काम भयो ।

अहिले आएर पनि यस्तै प्रवृत्ति दोहोरिन थालेको छ । दैनिक कक्षा शिक्षणसँगै बालबालिकाले के-कति सिकाइ उपलब्धि हासिल गरे सोको गणना गरी बालबालिकाले निर्धारित सिकाइ उपलब्धि हासिल गर्न नसके वा बालबालिका कमजोर भए पुनः उपचारात्मक विधि प्रयोग गरी क्षमता हासिल गराउने कार्य गर्नुपर्नेमा शिक्षकहरूबाट पुरानै शिक्षण विधिको प्रयोग हुँदै आएको छ । यसबाट के स्पष्ट हुन्छ भने शिक्षक र विद्यालय आफैँ पाठ्यक्रम कार्यान्वयनका लागि बाधक बनेका छन् । नियामक निकायले समयमै पाठ्यक्रम कार्यान्वयनको अनुगमन नगरे, शिक्षक-विद्यालय यस विषयमा जिम्मेवार नबने यस पाठ्यक्रमले पनि अघिल्लो पाठ्यक्रमको जस्तै नियति भोग्नु पर्नेछ । यसतर्फ सम्बन्धित निकायको ध्यान जानु जरुरी छ । *गोप*

# सोचको शक्ति : घोचेर होइन, सोचेर बोल्ने कला





कल्पना दाहाल

मानव जीवनमा बोलीको महत्व अपार छ । हाम्रा शब्दहरूले मात्र हाम्रो विचार र भावनाहरू व्यक्त गर्दैनन्, तिनीहरूले अरू मानिसहरूको मनमा गहिरो प्रभाव पार्न सक्छन् । प्राचीन कालदेखि नै समाजले बोलीको शक्ति र प्रभावलाई महत्त्व दिएको छ । भनिन्छ- 'घोचेर होइन सोचेर बोल्नुपर्छ' भन्ने उक्ति जीवनको अमूल्य सत्य हो । बोल्नेले चाहे बिर्से पनि सुन्नेले सदैव सम्झिरहन्छ ।

**घोच्ने बोलीको प्रभाव**

कहिलेकाहीँ तात्कालिक क्रोध, रिस वा निराशाको आवेगमा हामी नसोची बोल्ने गर्छौं । यस्ता शब्दहरूले हामीलाई क्षणिक राहत दिन सक्छन् । तर, तिनीले अरूको मनमा गहिरो घाउ पार्न सक्छन् । घोच्ने शब्दहरूले अरूको आत्मसम्मानमा गहिरो ठेस पुऱ्याउँछ र सम्बन्धहरूमा दरार ल्याउँछ । घोच्ने बोलीले नकारात्मकता फैलाउँछ र सामाजिक तथा व्यक्तिगत सम्बन्धहरूलाई समेत कमजोर बनाउँदै लैजान्छ ।

**सोचेर बोल्ने महत्त्व**

सोचेर बोल्नु भनेको हरेक शब्दलाई विचापूर्वक छनोट गर्नु हो । सोचेर बोलेका शब्दहरूले अरूलाई प्रोत्साहित गर्न, प्रेरित गर्न र उत्साहित गर्न सक्छन् । सोचविचार गरेर बोल्दा, हामी अरूको मन र भावनाहरूको कदर गर्छौं र तिनीहरूको दृष्टिकोणलाई समझने प्रयास गर्छौं । यसले हाम्रो बोलीलाई सकारात्मक र रचनात्मक बनाउँछ । जब हामी सोचेर बोल्छौं, हामीले अरूको भावना र स्थितिलाई ध्यानमा राखेर शब्दहरू प्रयोग गर्छौं । जसले गर्दा तिनीहरूलाई सम्मान दिन्छौं ।

**बोलीको दीर्घकालीन प्रभाव**

हाम्रा शब्दहरूका प्रभावहरू कहिलेकाहीँ हाम्रो सोचभन्दा परसम्म पुग्न सक्छन् । हामीले बोलेका शब्दहरू अरूको मनमा लामो समयसम्म घाउ बनेर रहिरहन्छन् । सकारात्मक शब्दहरूले तिनीहरूको आत्मविश्वास बढाउन सक्छ, प्रेरणा दिन सक्छ र जीवनलाई नयाँ दिशातर्फ लैजान सक्छ । तर, नकारात्मक शब्दहरूले तिनीहरूको आत्मसम्मान घटाउँदै जान्छ । निराशा फैलाउँदै जान्छ र जीवनमा असफलता निम्त्याउन सक्छ । बोल्नेले चाहे बिर्से पनि सुन्नेले ती शब्दहरू कहिल्यै बिर्सदैनन् ।

**सोचेर बोल्न सिक्नु**

सोचेर बोल्ने कला सजिलो छैन । यसका लागि आत्मसंयम, धैर्य र समझदारी आवश्यक पर्छ । हरेक पटक बोल्नुअघि हामीले ती शब्दहरूको प्रभावबारे सोच्नुपर्छ । के ती शब्दहरूले अरूलाई चोट पुऱ्याउँछन् ? के तिनीहरूले सम्बन्ध सुधार्छन् वा बिगार्छन् ? यस्ता प्रश्नहरूलाई मनमा राखेर बोल्दा हामीले सोचविचार गरेर बोल्न सक्छौं । हामीले अरूको दृष्टिकोण र भावना बुझ्न प्रयास गर्नुपर्छ र हाम्रो बोलीलाई सन्तुलित बनाउनुपर्छ ।

**निष्कर्ष**

घोचेर होइन सोचेर बोल्नुपर्छ भन्ने सिद्धान्तले हामीलाई सजग बनाउँछ । सोचेर बोल्दा हामीले अरूलाई सम्मान गर्छौं, उनीहरूको भावना र दृष्टिकोणको कदर गर्छौं र सकारात्मक प्रभाव पार्न सक्छौं । यसले न केवल अरूलाई तर हामीलाई पनि आत्मसन्तुष्टि र आनन्द दिन्छ । सोचेर बोल्ने कला अपनाएर हामी हाम्रो जीवनलाई र अरूको जीवनलाई पनि सुन्दर र सुखमय बनाउन सक्छौं ।

यदि हामीले सधैँ सोचेर बोल्ने अभ्यास गर्यौं भने हाम्रो बोलीले समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्छ । त्यसैले हरेक पटक बोल्नुअघि एकपटक सोचौं । सोचेर बोलेका शब्दहरूले हाम्रो जीवनलाई सजिलो मात्र बनाउँदैनन्, बरु अरूको जीवनमा पनि सुखद प्रभाव पार्छन् । जीवनमा सफल र सुखी बन्न चाहने प्रत्येक व्यक्तिले यो सिद्धान्तलाई आत्मसात् गर्नुपर्छ- 'बन्दुकबाट निक्लेको गोली अनि मान्छेको मुखबाट निक्लेको बोली फर्किन सक्दैन ।'

# मोटरसाइकल चोरीमा संलग्न दुई जना पक्राउ



**मोरङ, साउन २।** मोरङमा मोटरसाईकल चोरी गर्ने दुई युवालाई प्रहरीले पक्राउ गरेको छ ।

मोरङको बेलबारी-१० भाउन्नेका नरबहादुर थापाको नाममा दर्ता रहेको प्र १-०२-०४८ प ६२०२ नं. को खैरो निलो कलरको १५० सीसीको एफ जेट मोसा त्रिवेणी चोकस्थितमा पार्किङ गरी राखेको अवस्थामा मोटरसाइकल गत असार २२ गते हराएको थियो ।

उक्त मोटरसाइकल सुन्दरहरैचा नगरपालिका-९ जब्दिस्थित भित्रि सडकमा सोही मोटरसाइकलको नम्बर परिवर्तन गरी प्र १-०२-०४७ प ८२६९ नम्बर प्लेट राखी बेलबारी-७ बस्ने बर्ष २३ को सुमन चौधरी र सुन्दरहरैचा-९ बस्ने बर्ष २१ को सुदिप परियारलाई राखी कुदाई रहेको अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय बेलबारीका प्रहरी निरीक्षक तेजबहादुर दाहालले जानकारी दिए ।

मोटरसाइकलसहित दुबै जनालाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय बेलबारीले थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।



**कानेपोखरीमा कान !** मोरङको कानेपोखरी गाउँपालिकाले वडा नं. ७ मा निर्माण गरेको पाँच लाखको कानको प्रतिमा । *तस्वीर : योगेन्द्र योगी*

# दुर्घटनामा मृत्यु

**गौरादह, साउन २।** गौरादहमा दुईवटा मोटरसाइकल एक-आपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ ।

गौरादह नगरपालिका-१ सितापुरी चोकस्थित भित्री सडकखण्डमा रङ्गपुरबाट सितापुरीतर्फ जाँदै गरेको बा ७० प १८१ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको मे ६ प ५८१ नम्बरको मोटरसाइकल एक-आपसमा ठोक्किँदा दुर्घटना भएको थियो ।

दुर्घटनामा बा ७० प १८१ नम्बरको मोटरसाइकल चालक कमल गाउँपालिका-५ का २४ वर्षीय सन्जोक भण्डारी र मे ६ प ५८१ नम्बरको मोटरसाइकल चालक गौरादह नगरपालिका- १ का अन्दाजी वर्ष २८ का दुर्गा ताजपुरीया घाइते भएका थिए ।

दुबै जनालाई उपचारका लागि निम्स अस्पताल दमक लगिएकोमा उपचारको क्रममा भण्डारीलाई डाक्टरले मृत घोषणा गरेका थिए ।

अर्का मोटरसाइकल चालक ताजपुरीयालाई थप उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड रेफर गरिएको र उनको अवस्था मध्यम रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# तीन अर्ब २१ करोड राजश्व संकलन

**भद्रपुर, साउन २।** आन्तरिक राजश्व कार्यालय भद्रपुरले आर्थिक वर्ष २०८०/८१ मा रु. तीन अर्ब २१ करोड १२ लाख ६७ हजार राजश्व सङ्कलन गरेको छ ।

कार्यालयले गत असारमा मात्र रु. ३० करोड ७१ लाख नौ हजार राजस्व सङ्कलन गरेको हो । कार्यालयले आव २०७९/०८० को तुलनामा रु. १९ करोड ५२ लाख ९१ हजारभन्दा बढी राजश्व सङ्कलन गरेको छ ।

गत आवमा रु. तीन अर्ब एक करोड ५९ लाख ७६ हजार राजश्व सङ्कलन भएको आन्तरिक राजश्व कार्यालय



भद्रपुरका सूचना अधिकारी भीमप्रसाद आचार्यले जानकारी दिए । गत आवमा कार्यालयको रु. तीन अर्ब ७९ करोड ७१ लाख राजश्व उठाउने लक्ष्य थियो । तर, ८४ दशमलव ५७ प्रतिशतमात्र राजश्व सङ्कलन गर्न सकिएको छ । आन्तरिक राजस्व कार्यालयले आयकरबाट रु. एक अर्ब ६९ करोड ९४ लाख, भाडा आयकरबाट रु. तीन करोड ६४ लाख, ब्याजबापत रु. ११ करोड ५९ लाख, मूल्य अभिवृद्धि करबापत रु. एक अर्ब २९ करोड पाँच लाख लाख तथा अन्तःशुल्कबापत रु. ६४ करोड ४६ लाख ५५ हजार राजश्व सङ्कलन गरेको सूचना अधिकारी आचार्यले बताए ।

जिल्लामा विकास निर्माणका आयोजनामा चालू आवमा कम भुक्तानी हुँदा मूल्य अभिवृद्धिकर बापत हुने आम्दानी घटेको छ । गत आवमा मूल्य अभिवृद्धिकर बापत रु. एक अर्ब ३७ करोड ८८ लाख ९२ हजार राजश्व सङ्कलन भएको थियो ।

# पिण्डेश्वर धाममा बोलबम मेला



**सुनसरी, साउन २।** धरान उपमहानगरपालिका-१४ स्थित पिण्डेश्वर बाबाधाममा मङ्गलबारदेखि बोलबम मेला शुरु भएको छ ।

बालसन्त मोहनशरण देवाचार्यले मेलाको उद्घाटन गरेका थिए । एक महिनासम्म सञ्चालन हुने मेलामा करिब तीन लाख भक्तजन सहभागी हुने अनुमान गरी सोही अनुसार व्यवस्था मिलाइएको बोलबम मेला आयोजक समितिले जनाएको छ ।

साउनभर लाग्ने मेलामा पिण्डेश्वर बाबाधाममा जल चढाउन तथा दर्शन गर्न आउने भक्तजनको सुविधाका लागि मूल आयोजक समितिले सुरक्षाका साथै वर्षाका बेला मन्दिरभित्र एक हजारभन्दा बढी भक्तजनलाई ओतको व्यवस्था गरेको समितिका सल्लाहकार वासुदेव बरालले बताए ।

सप्तकोशी नदीको सङ्गमस्थलबाट ल्याएको जल चढाउँदा मनोकांक्षा पूरा हुने धार्मिक विश्वास रहँदै आएकाले तीन लाख भक्तजनको आगमन हुने अपेक्षा गरिएको बरालले बताए । मेलामा विशेषगरी पहेँलो लुगा लगाउने, खाली खुट्टा हिँडेर बराहक्षेत्रको चतरास्थित कोशीबाट जल ल्याएर पिण्डेश्वर मन्दिरमा चढाउने गरिन्छ ।

मेलामा देशमा पूर्वी क्षेत्रका अधिकांश जिल्लाका भक्तजन, पश्चिमका बैतडी, दाङ, बाजुरा, रौतहत, अछाम, डडेलधुराका साथै छिमेकी मुलुक भारतको सिक्किम, दार्जिलिङ लगायत स्थानबाट भक्तजन आउने गरेका छन् ।

कार्यक्रममा विजपुर र पिण्डेश्वरलाई केन्द्र मानी यहाँका धार्मिक क्षेत्र, दन्तकाली, बुढासुब्बा, पिण्डेश्वर, बराहक्षेत्र, प्राचीन हरिद्वार, कुम्भ मेला लगायत पुराणमा कथालाई उद्वत गरेर सल्लाहकार बरालले लेख्नुभएको 'रुद्राक्षारण्य परिचय' पुस्तकको विमोचन गरिएको थियो ।

कार्यक्रममा कोशी प्रदेशका सांसद रमेश बस्नेत, धरान उपमहानगरपालिकाका उपप्रमुख अइन्द्रविक्रम बेघा, स्थानीय जनप्रतिनिधि लगायत उपस्थित रहेको थियो ।

# कानेपोखरीको बजेट ५८ करोड ५७ लाख

**– छविराज ढकाल**

**पथरीशनिश्चरे, साउन २।** मोरङको कानेपोखरी गाउँपालिकाको १६औं गाउँसभाबाट ५८ करोड ५७ लाख २५ हजार रुपैयाँको वार्षिक बजेट, नीति तथा कार्यक्रम पारित गरेको छ ।

पत्रकार सम्मेलनको आयोजना गर्दै आर्थिक वर्ष २०८१/०८२ को लागि वार्षिक बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरिएको हो । गत असार ३१ गते सम्पन्न भएको गाउँसभाको दोस्रो बैठकले आर्थिक वर्ष २०८१ का लागि आर्थिक विद्येयक, विनियोजन विधेयक, जलस्रोत उपयोग तथा व्यावस्थापन सर्वेक्षण संशोधन, अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा भएका गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू अनुमोदन गरिएको कानेपोखरी गाँउ पालिकाका प्रवक्ता सुशिल बुढाथोकीले बताए ।

आर्थिक वर्ष २०८१/०८२ का लागि संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानहरू, घरजग्गा रजिस्ट्रेशन आय, वडाबाट प्राप्त हुने आय, चिसाङ खोलाबाट प्राप्त हुने आय, बैंक मौज्दात, अल्या रकमसहित कूल ५८ करोड ५७ लाख २५ हजार रुपैयाँ अनुमानित आय हुने जनाइएको छ ।

त्यस्तै चालू प्रशासनिक खर्च कूल आठ करोड एक लाख रूपैयाँ, पूर्वाधार निर्माणका लागि तीन करोड ९६ लाख रूपैयाँ, आर्थिक विकासका लागि एक करोड ३७ लाख ५० हजार रुपैयाँ, शिक्षा तथा सामाजिक विकासमा पाँच करोड २१ लाख ९६ हजार ४५ रूपैयाँ, वन, वातावरण




तथा विपद् व्यवस्थापनका निमित्त एक करोड १६ लाख लगायतका विभिन्न शिर्षकहरूमा पूँजीगत खर्च विनियोजन गरिएको जनाइएको छ ।

सोही क्रममा उक्त पालिकाका कुल सात वटा वडाहरुको लागि चार करोड ४७ हजार रुपैयाँ बराबरको वडागत सिलिङ्ग बजेट प्रस्तुत गरिएको थियो । सोही अवसरमा केही प्रमुख प्राथमिकता योजनाका कार्यक्रमबारे जानकारी दिएको थियो ।

जसमा ४८ सय ४५ मिटर कालोपत्रे र २८ सय मिटर ड्रेनसहितको सडक स्तरोन्नति गरिने, प्रशासनिक भवन निर्माणको लागि ५० लाख, नागरिक आवास निर्माणका लागि साझेदारी गर्नका लागि एक करोड, सुरक्षित आवास निर्माणमा साझेदारी गर्नका लागि ५० लाख जस्ता विभिन्न योजनाहरु सञ्चालनका लागि समेत बजेट विनियोजन गरिएको कानेपोखरी गाँउ कार्यपालिकाकी अध्यक्ष राजमती इङ्नामले बताइन् ।

उनले विगत तीन वर्षदेखि आफ्नो गाउँपालिकाले निरन्तर रूपमा रायो तथा तोरीजन्य उत्पादन जस्तै रायोको गुन्द्रुक, तोरीको तेल उत्पादन तथा प्रशोधन, मस्यौरा, आदिको उत्पादन गर्नका लागि वर्षेनि बजेट विनियोजन गरिरहेको बताइन् । यस बर्षदेखि कोशी प्रदेश सरकारले गुन्द्रुक प्रशोधनका लागि ड्रायर र रोलर खरिदका लागि सात लाख रूपैयाँ बराबरको सहयोग प्रदान गर्ने बताइन् ।

त्यस्तै प्राविधिक विधामा रोजगारी, कानेपोखरीका छोराछोरी, सासुको इच्छा बुहारीलाई शिक्षा, छात्रासँग अध्यक्ष कार्यक्रम, नागरिक सहायता, घरमै गएर जन्मदर्ता अभियान, भूमि सम्बन्धीको कार्य, कोसेली घर निर्माण, आदि कार्यक्रमहरू सञ्चालन गरिने भएको छ । उक्त अवसरमा प्रमुख प्रशासकीय अधिकृत हिरा कुमारी यादव, वडा नम्बर ३ का वडाध्यक्ष गोपाल कार्की, वडा नम्बर ७ का मोहनप्रसाद अधिकारी, विभिन्न विषयगत शाखाका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*




सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

देवराज गिरी ९७०६१९६४०६ ९८४२०७०५८६

विशाल हरिजन ९८१४९१७७११ ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**




बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

उच्च गुणस्तर सुलभ मूल्य

**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क : ९८०४९५४४००, ९८६६२४२४६६

अर्जुनधारा नपा- ४, झापा

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर

मो. ९८०३२५०४७२ ९८०१३६४०९३

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे

दैनिक सेवा

रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय

दमकबाट : बिहान ६ बजे

बिर्तामोडबाट : बिहान ७ बजे

मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)

सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५

जीवन कार्की ९८१६९४०१७३

मे १ ज १६७०

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुवै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

भूमिसुधार कार्यालय भद्रपुर, झापाको

## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| पदमजंग राई | हल्दीबारी-३ | ८०८ | १-०-० | माधवी सुडी/माघ प्र. सुडीमा/माधवी सुडी |
| जानकी मिण्डा | महेशपुर-५ | १२२१<br>१२२० | ०-३-६<br>०-१-० | ताला टुडु/तला टुडु सतार |
| अमृता बस्नेत | गौरादह-३ | ४९६० | २०६.२५ | सुफल मर्डी सतार |
| सन्तोषकुमार प्रसाई | धुलाबारी-३ | ३८४७ | ०-२-१४.५ | टिकाराम/लालबहादुर |
| मनोजकुमार प्रसाई | धुलाबारी-३ | ३८४८ | ०-२-१४.५ | टिकाराम/लालबहादुर |
| हर्कमाया थापा क्षेत्री | कोहवरा-१ | २२२५<br>२२२७ | ५९४२.९०<br>४६५.०० | प्रभु सतार |
| कुलबहादुर कार्की | गौरीगञ्ज-८ | ११३ | १८१५.०० | रिया राजवंशी/टिया ताजपुरीया |
| नरेन्द्रप्रसाद गड्तौला | गौरीगञ्ज-८ | ६५<br>८५ | ५७०.००<br>१०५०.०० | नुर महमद/दर महमद मिया/वेकालाल राजवंशी |

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।

Youtube Channel : Nishat M jotic kendra

**ताजा र विश्वसनीय समाचारका लागि**

www.purwanchaldaily.com

**लगइन गरौं ।**



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धि समूयाले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** सुख र धनको प्राप्ती हुनेछ, मान-प्रतिष्ठा, इज्जत बढेर जानेछ, शत्रुमाथि विजय प्राप्त हुनेछ, दाम्पत्य सुख मिल्नाले मन हर्षित रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** पती-पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट सुख मिल्नेछ, सतर्क रहनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** समय मिश्रित फलदायी छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला, सानो काममा धेरै मेहनत गर्नुपर्ने योग छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला, विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।